# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
स्थापित २०७३

प.सं. २०७९/०८० (गरिबी न्युनीकरण तथा रोजगार पर्वद्धन उपशाखा)
च.नं.

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति: २०७९/८/२८

श्री वडा कार्यालय,सबै।
लालझाडी गाउँपालिका

**विषय : वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुन: एकीकरण कार्यक्रम सञ्चालनंका लागि तथ्याङ्क संकलन सम्बन्धी अत्यन्त जरुरी सूचना।**

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको वैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०७९/०८/१७ च.नं ३७४ को प्राप्त पत्रानुसार वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिले आर्जन गरेको पूँजी, प्रविधि, ज्ञान र सीपको उपयोग गरी स्वदेश भित्रै रोजगारी र स्वरोजगारीका अवसर सृजना गरि वैदेशिक रोजगारी माथिको परनिर्भरतालाई क्रमश: कम गर्दै लैजाने उद्धेश्यले नेपाल सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन: एकीकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन निर्देशिका), २०७९ स्वीकृत गरिसकेको र उक्त कार्यविधिमा व्यवस्था भए वमोजिम स्थानीय तहसँगको सहकार्यमा स्थानीय तहको माग र आवश्यकता बमोजिम स्थानीय तह मार्फत नै पुन: एकीकरणका कार्यक्रमहरु सञ्चालन हुने व्यवस्था अनुरुप पुन: एकीकरण कार्यक्रम संचालनका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको खण्डिकृत तथ्याङ्क संकलन गर्न आवश्यक परेकाले वैदेशिक रोजगारीबाट फर्केका र उल्लेखित कार्यक्रममा सहभागी हुन ईच्छुक व्यक्तिले १५ दिनभित्र यस गाउँपालिकाका सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रको कार्यालयमा गई तोकिए बमोजिम तपसीलका संलग्न कागजात सहित फाराम भर्न हुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसील:

- लाभग्राही सूचीकृत हुनका लागि निवेदनको ढाँचा
- नेपाली नागरिकता र पासपोर्ट प्रतिलिपि
- श्रम स्वीकृत र visa कपीको प्रतिलिपि
- काम गर्न गएको कम्पनीको करारनामाको प्रतिलिपि

शिद्ध राज भट्ट
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत